आज मिति २०८२/१०/०७ गतेका दिन बागलुङ नगरपालिकाका नगर प्रमुख श्री बसन्त कुमार श्रेष्ठज्यूको अध्यक्षतामा बसेको बागलुङ नगर कार्यपालिकाको बैठकको उपस्थिती र निर्णय निम्नानुसार छ ।

## उपस्थिति

| क्र.स. | दस्तखत | पद | नामथर |
|---|---|---|---|
| १ | | अध्यक्ष एवं नगरप्रमुख | श्री बसन्त कुमार श्रेष्ठ |
| २ | | सदस्य एवं नगरउपप्रमुख | श्री राजु खड्का |
| ३ | | सदस्य एवं वडा अध्यक्ष | श्री जय बहादुर के.सी. |
| ४ | | सदस्य एवं वडा अध्यक्ष | श्री सुरज बोसेल |
| ५ | | सदस्य एवं वडा अध्यक्ष | श्री सनि के.सी. (लक्ष्मण) |
| ६ | | सदस्य एवं वडा अध्यक्ष | श्री कुमार विक्रम क्षेत्री |
| ७ | | सदस्य एवं वडा अध्यक्ष | श्री हरी प्रसाद शर्मा |
| ८ | | सदस्य एवं वडा अध्यक्ष | श्री रुद्र बहादुर के.सी. |
| ९ | | सदस्य एवं वडा अध्यक्ष | श्री मेघनाथ गैरे शर्मा |
| १० | | सदस्य एवं वडा अध्यक्ष | श्री छम बहादुर कार्की |
| ११ | | सदस्य एवं वडा अध्यक्ष | श्री राजु थापा |
| १२ | | सदस्य एवं वडा अध्यक्ष | श्री तिल बहादुर थापा मगर |
| १३ | | सदस्य एवं वडा अध्यक्ष | श्री ज्ञानेन्द्र गौतम |
| १४ | | सदस्य एवं वडा अध्यक्ष कार्यवाहक | श्री ~~कोपिला मणी शर्मा भट्ट~~ नन्द शर्मा |
| १५ | | सदस्य एवं वडा अध्यक्ष | श्री नारायण शर्मा पौडेल |
| १६ | | सदस्य एवं वडा अध्यक्ष | श्री चक्र बहादुर खत्री |
| १७ | | सदस्य एवं का.पा. सदस्य | श्री ज्योती के.सी. (विष्ट) |
| १८ | | सदस्य एवं का.पा. सदस्य | श्री सुनिता श्रेष्ठ |
| १९ | | सदस्य एवं का.पा. सदस्य | श्री धनमाया शर्मा |
| २० | | सदस्य एवं का.पा. सदस्य | श्री टुका देवी शर्मा आचार्य |
| २१ | | सदस्य एवं का.पा. सदस्य | श्री शान्ती वोसेल |
| २२ | | सदस्य एवं का.पा. सदस्य | श्री सीता थापा |
| २३ | | सदस्य एवं का.पा. सदस्य | श्री ढाका बहादुर परियार |
| २४ | | सदस्य एवं का.पा. सदस्य | श्री चुरा बहादुर सुनार |
| २५ | | सदस्य सचिव | श्री ईश्वरी प्रसाद शर्मा |
| अन्य उपस्थिति | | | |
| १ | | लेखा अधिकृत | श्री प्रेम प्रसाद शर्मा |
| २ | | प्रशासन शा. प्रमुख | श्री मिलन पन्त |
| ३ | | इ.ई.अ. | श्री ईश्वर श्रेष्ठ |
| ४ | | | श्री मुना शर्मा |
| | | | श्री लक्ष्मी श्रेष्ठ |

प्रस्तावहरु

१. गत बैठकको समिक्षा सम्वन्धमा ।

२. रकम भुक्तानी गर्ने सम्वन्धमा ।

३. विद्यामन्दिर माध्यामिक विद्यालयमा स्मार्ट कोठा निर्माणको लागि प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

४. राष्ट्रिय योजना आयोगमा समपूरक अनुदान र विशेष अनुदानका योजना पेश गर्ने सम्वन्धमा ।

५. करारमा कार्यरत कर्मचारीहरुको करार म्याद थप सम्बन्धमा ।

६. व्यवस्थापन परिक्षण प्रतिवेदन २०८२ सम्वन्धमा ।

७. आन्तरिक रोजगारी सृजना अन्तर्गतका योजना सम्बन्धमा ।

८. विविध सम्वन्धमा ।

निणर्य नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा गत कार्यपालिकाको बैठक देखि यस अवधि सम्म भए गरेका काम कारवाहीको बारेमा जानकारी आदान प्रदान गरियो । गत बैठकबाट भए गरेका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा समिक्षा गरियो र निर्णय भएका विषयहरुको कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाईयो ।

निणर्य नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा बागलुङ उद्योग बाणिज्य संघको आयोजनामा सम्पन्न भएको गण्डकी प्रदेश स्तरीय पर्यटन, कृषि तथा औद्योगिक व्यापार मेला एवं ८ औं बागलुङ महोत्सव-२०८२ मा बागलुङ नगरपालिका, बागलुङले सह-आयोजकको भूमिका निर्वाह गरेको र उक्त कार्यक्रम सम्पन्न गर्नको लागि सहयोग रकम उपलब्ध गराउने गरी गरेको पूर्व सहमति बमोजिम चालु आ.व.को मेला महोत्सव शिर्षक अन्तर्गतको रु ५,००,०००। अक्षेरुपी पाँच लाख रुपैया मात्र उपलब्ध गराउने र श्री त्रिभुवन माध्यमिक विद्यालय, बा.न.पा. वडा नं. १३ को हीरक जयन्ती कार्यक्रम सम्पन्न गर्दा लागेको खर्च मध्ये यस कार्यालयमा पेश भएको विल भरपाईको आधारमा रु एक लाख भुक्तानी गर्ने निर्णय गरियो ।

निणर्य नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा वि.सं. १९९७ मा स्थापना भै निरन्तर यस क्षेत्रमा शैक्षिक विकासको लागि क्रियाशिल यस नगरपालिका वडा नं. ३ स्थित श्री विद्यामन्दिर माध्यामिक विद्यालयले आफ्नो शैक्षिक विकास र विस्तारको क्रममा विद्यालयको नाममा नापी दर्ता भएको कि.नं. १०५, १२३, १४४ को

जग्गामा स्मार्ट कोठा सहितको ई-लाईब्रेरी (३ कोठे भवन) निर्माण गरी थप शैक्षिक विकास गर्न लागेको हुँदा उक्त भवन निर्माणको लागि स्थानीय तहले गर्नु पर्ने नियमानुसारको लागत सहभागिता रकम यस पालिकाबाट व्यहोर्ने सुनिश्चितता एवं प्रतिवद्धता सहित भवन निर्माणको लागि भारतीय राजदुतावासलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा समपूरक अनुदान सम्बन्धी कार्यविधि २०८१ र विशेष अनुदान सम्बन्धी कार्यविधि २०८१ मा व्यवस्था भए बमोजिम नेपाल सरकारबाट उपलब्ध हुने समपूरक अनुदान र विषेश अनुदान अन्तर्गत आर्थिक वर्ष २०८३/०८४ मा कार्यान्वयन हुने आयोजना तथा कार्यक्रमको लागि राष्ट्रिय योजना आयोगबाट प्रकाशन गरेको सूचना बमोजिम देहाय बमोजिमका योजना तथा कार्यक्रमहरु माग गरी पठाउने निर्णय गरियो ।

(क) समपूरक अनुदान

| प्राथमिकताक्रम | योजना तथा कार्यक्रमको नाम | कैफियत |
|---|---|---|
| क्रमागत | नेपाने डाँडा सीतलचौतारी भगवती चोक गार्लुङ कैया पाखा बाटो भ्रो पु करिडोर गार्लुङ अर्माह सडक | |
| प्राथमिकता १ | Upgrading of Ryale Kamaldanda Khatritol Lalchowk Haringe Gairafat Dhuwakhola Simswara Hudai Bodechaur Sigana Sadak, Ward No 9 | नयाँ |
| प्राथमिकता २ | Upgrading and maintenance of Basbot–lamichaur–Baudechaur Road, Ward No 8 | नयाँ |
| प्राथमिकता ३ | Upgrading of Panchase Syanlekh Baggote Gauswara Sadak, Ward No. 5 | नयाँ |

(ख) विशेष अनुदान

| प्राथमिकताक्रम | योजना तथा कार्यक्रमको नाम | कैफियत |
|---|---|---|
| क्रमागत | पोषण प्रवर्धन तथा विपन्न परिवार स्वास्थ्य सुधार कार्यक्रम | |

**निणर्य नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस कार्यालयमा करारमा कार्यरत कर्मचारीहरुको करार म्याद पौष मसान्तमा समाप्त भएको हुँदा करार सेवा र सेवा करारमा कार्यरत कर्मचारीहरुको सेवा, सुविधा र सर्तका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन २०८१ बमोजिम ६ (छ) महिना (२०८३ असार मसान्त) सम्म करार म्याद थप गर्ने निर्णय गरियो ।

**निणर्य नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस नगरपालिकाको व्यवस्थापन परिक्षण प्रतिवेदन २०८२ माथि छलफल भै उक्त प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो । साथै प्रतिवेदनले कार्यालय व्यवस्थापनको विषयमा औलाए बमोजिम कार्यान्वयन गर्नको लागि प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

**निणर्य नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा राष्ट्रिय रोजगारी प्रर्वद्धन कार्यक्रम अन्तर्गत संघीय सरकारबाट प्राप्त भएको रकम, सोही कार्यक्रम अन्तर्गत यस पालिकाबाट विनियोजन भएको रकम र वडा साझेदारी रकम समेतबाट देहाय बमोजिम आन्तरिक रोजगारी सृजना गर्ने योजना स्वीकृत गर्ने निर्णय गरियो ।

| सि.नं. | योजनाको नाम | वडा | विनियोजन बजेट रकम | | | कुल रकम |
|---|---|---|---|---|---|---|
| | | | नेपाल सरकार | नगरपालिका | वडा साझेदारी | |
| १ | दलित बस्ती बतासे साँधखोला सम्म पदमार्ग | ५ | | १,००,०००। | १,००,०००। | २,००,०००। |
| २ | लामिचौर पदमार्ग | ८ | १,७४,०००। | | २,००,०००। | ३,७४,०००। |
| ३ | मुसुरावारी, सुन्दरवस्ती, ढाँड चौतारा पैदलमार्ग | १३ | ३,५०,०००। | | ३,००,०००। | ६,५०,०००। |